# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिका कार्यालय
# पाल्पा
# लुम्बिनी प्रदेश, नेपाल

# कर्मचारी कल्याण कोष सम्बन्धि विनियमावली-२०७८

यस गाउँपालिकामा कार्यरत कर्मचारीहरको कानून बमोजिम उपलब्ध गराउनु पर्ने सेवानिवृत दायित्व सुनिश्चित गर्न र कर्मचारी कल्याण सम्बन्धि विविध क्रियाकलापहरुमा लगानी प्रवर्द्धन गर्नका लागि कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनिय भएकाले नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोजन गरी रैनादेवी छहरा गाउँपालिका दशौ गाउँसभाले देहायकव विनियमावली बनाई लागु गरेको छ।

## परिच्छेद एक
## संक्षिप्त नाम र प्रारम्भ

**क) <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

यो विनियमावलिको नाम "रैनादेवी छहरा गाउँपालिका को कर्मचारी कल्याण कोष विनियमावली-२०७८" हरेको छ।

- यो विनियमावली सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।
- परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा

१. "कोष" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको कर्मचारीहरुको कल्याणको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम २५६ को प्रयोजनको निम्ति यस विनियमावलीको विनियम ३ बमोजिम स्थापना गरेको कोषलाई सम्झनुपर्छ।

२. "ऐन" भन्नाले स्थनीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ।

३. "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ।

४. "गाउँपालिका" भन्नाले रैनादेवी छहरा गाउँपालिकालाई सम्झनु पर्छ।

५. "सभा" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको सभा सम्झनु पर्छ।

६. "वडा" भन्नाले गाउपालिकाको वडालाई सम्झनुपर्छ।

७. "सञ्चालक समिति" भन्नाले कोष सञ्चालनको लागि यस विनियमावलीको विनियम ७ बमोजिम गठन भएको सञ्चालन समिति सम्झनु पर्छ।

८. "कर्मचारी" भन्नाले गाउँपालिकाका स्थायी कर्मचारी सम्झनुपर्दछ।

९. "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई असार मसान्तामा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ।

१०. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

## परिच्छेद दुई
## कल्याण कोषको स्थापना सम्बन्धि व्यवस्था

- **कल्याण कोषको व्यवस्था :**

१. नियमावलीको नियम २६५ को प्रयोजनको लागि रैनादेवी छहरा गाउँपालिकाका कर्मचारीहरुले कानून बमोजिम पाउने सेवा निवृत दायित्वको व्यवस्था र कर्मचारी कल्याण सम्बन्धि विविध क्रियाकलापहरुमा लागानी प्रवर्द्धन गर्नका लागि कर्मचारि कल्याण कोष नामको एक कोष स्थापना गरिएको छ।

२. उपविनियमा १ बमोजिमको कोषमा देहायबमोजिमका रकमहरु रहनेछन्।

- कर्मचारी कल्याण कोषका लागि हालसम्म छुट्याईएको सम्पुर्ण रकमहरु,
- प्रत्येक आर्थिक वर्षमा कर्मचारीका लागि भुक्तानी गरिने एक महिनाको तलब बराबरको रकम,
- सदस्यता शुल्कबाट प्राप्तहुने रकम,
- गाउँपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुने रकम,
- कोषको सञ्चित पूंजिलाई उपार्जनिय कार्यमा परिचालन गरी त्यसबाट प्राप्त हुने रकम,
- नियमावलीको नियम २६७ बमोजिम कर्मचारीलाई उपलब्ध गराउन गाउँपालिकाबाट प्राप्त थप आर्थिक सहायता वापतको रकम,
- कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा तथा ब्याज रकम,
- कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषालाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
- औषधि उपचारको लागि गाउँपालिकाले प्रत्येक वर्ष जम्मा गरेको रकम,
- गाउँपालिकाले कोषको दिगो व्यवस्थापनका लागि समय समयमा उपलब्ध गराएको रकम,
- कर्मचारीहरुका लागि विमा वा विमाको प्रिमियम भुक्तानीका लागि गाउँपालिकाले प्रत्येक वर्ष उपलब्ध गराएको रकम,
- कुनै कर्मचारी अन्य स्थानीय निकायबाट सरुवा भै आँउदा उक्त निकायबाट हस्तान्तरित भै आएको निजको नाममा सिर्जित दायित्वको रकम,
- नेपाल सरकारबाट कर्मचारी कल्याण कोषका लागि उपलब्ध गराएको रकम,
- वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम। तर, यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृति लिनु अनिवार्य हुनेछ।

३. उपविनियम २ बमोजिम कोषमा भएको रकम संचालन समितिले निर्णय गरी तोकेको बैंकमा कल्याण कोष नामक खाता खोलि आर्थिक कारोबारको सञ्चालन गरिनेछ।

४. सदस्यता :

१. गाउँपालिकाका स्थायी कर्मचारी स्वतः कर्मचारी कल्याण कोषको सदस्य हुनेछन्। संचालक समितिले सदस्यता वापत निश्चित शुल्क दिन सक्नेछ। तर यस्तो सदस्यता शुल्क सेवा अवधिमा एक पटक मात्र लिन सकिनेछ।

५. खाता सञ्चालन :

कोषको आर्थिक कारोवारको लागि बैंक खाताको सञ्चालन संचालक समितिका अध्यक्ष वा निजले तोकेको संचालक सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

६. कोषको प्रयोग :

देहाय बमोजिमका कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछः

क) कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसुकै तवरले नोकरीबाट अलग भएमा नियमावलि अनुसार निजले उपदान पाउने रहेछ भने त्यस्तो उपदान वापतको पाउने रकम,

ख) कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलाई औषधिपचार गर्न परेमा कर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालन समितिको निर्णय बमोजिम उपलब्ध गराउने रकम,

ग) सेवामा वहाल रहदै कुनै कर्मचारीको मृत्यु भएमा निजकव परिवारलाई आर्थिक सहयोगको रुपमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरी कोषमा उपलब्ध गराएको आर्थिक सहायता वापतको एकमुष्ट रकम,

घ) कुनै कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरी कोषमा उपलब्ध गराएको दाह संस्कार र किरिया खर्च वापतको रकम,

ङ) औषधि उपचारको लागि नियमावलि र यस विनियममा व्यवस्था भए बमोजिम कर्मचारी पाउने रकम,

च) कर्मचारीहरुका लागि विमाको प्रिमियम भुक्तानीका लागि गाउँपालिकाबाट प्राप्त भए अनुसारको रकम,

छ) संञ्चालक समितिको स्वीकृत गरेको योजना बमोजिम कर्मचारीहरुलाई उपलब्ध गराउने सापटि तथा कर्जाको रकम,

ज) गाउँ सभा वा कार्यपालिका वा समितिले निर्णय गरी यस कोष मार्फत उपलब्ध गराएका अन्य रकम,

परिच्छेद : ३

सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

सञ्चालक समितिको गठन

१. कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ।

२. उपविनियम १ बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछ

| | |
|---|---|
| क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख) प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) समाज कल्याण शाखा प्रमुख | सदस्य |
| घ) योजना तथा प्राविधिक शाखा प्रमुख | सदस्य |
| ङ) गाउँपालिकाको आधिकारिक कर्मचारी यूनियनको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| च) सञ्चालक समितिद्वारा मनोनित महिला कर्मचारी | सदस्य |
| छ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

३. समितिका सदस्यले अनुसुची ५ मा तोकिएको ढाँचामा शपथ ग्रहण गरेपछि मात्र पदभार ग्रहण गर्न सक्नेछन्।

सञ्चालक समितिको बैठक :

१. सञ्चालक समितिको बैठक दुई महिनाको कम्तिमा एकपटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

२. सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको समयमा गाउँपालिकामा बस्नेछ।

३. बैठकको निर्णय सामान्यत सर्वसम्मत रुपमा गरिनेछ। यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ। कुनै विषयमा बहुमतबाट निर्यण हुन नसकी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

४. समितिले बैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ। तर त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन।

५. संचालक समितिको बैठकमा भएको काम कारवाही तथा निर्णय सञ्चालक समितिमा कुनै रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुने छैन।

६. सञ्चालक समितिको बैठकमा भाग लिए वापत सामान्यतः भत्ता तथा सुविधा उपलब्ध गराईने छैन। तर कार्यालय समय भन्दा अघिपछि र विदाका दिन बैठक बस्नु परेमा गाउँपालिका सदस्यले पाए सरह बैठक भत्ता दिन सकिनेछ।

<u>परिच्छेद चारः</u>

<u>सापटी तथा कर्जा व्यवस्था</u>

<u>१ सापटी तथा प्रदान व्यवस्था गर्ने अवस्थाः</u>

(१) कर्मचारी सेवा निवृत हुदाँ भुक्तानी गर्नुपर्ने नियमित दायित्वलई असर पर्ने गरी कोषबाट सापटी तथा कर्जा प्रदान गरिने छ ।

(२) यस कोषबाट सापटी तथा कर्जा प्रदान गर्दा गाउँपालिकाको सेवामा स्थायी भएको २ वर्ष व्यतित भएको र सापटी तथा कर्जाका लागि निवेदन दिनुभन्दा कम्तिमा १ वर्ष अघि देखि अविच्छिन्त कार्यरत रहेको कर्मचारीलाई मात्र प्रदान गरिनेछ ।

तर कुराले कर्मचारीहरुले गाउँ सभा वा कार्यपालिकाबाट निर्णय प्राप्त गर्न अन्य सुविधाको प्राप्तिमा बाधा पुर्‍याएको मानिनेछैन।

(३) उपविनियम २ बमोजिम सापटी तथा कर्जा रकमको निर्णय गर्दा अपनाउने कार्यविधि र प्राथमिताका आधार तथा क्षेत्रहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>२ आर्थिक सहायता पाउनेः</u>

यस कोषको कै सदस्यलाई गाउँपालिकाबाट आर्थिक सहायता वा थप आर्थिक सहयोग वा अन्य वित्तिय सहयोग नियमानुसार निर्णय भै यस कोषमा हस्तान्त्रण भएको रकम मात्र सम्बन्धित कर्मचारीलाई आर्थिक सहयोग वा थप आर्थिक सहयोग वा अन्य वित्तिय सहयोग उपलब्ध गराईनेछ ।

३ कोषको सचालनको सम्बन्धमा समितिले प्रत्येक आर्थिक वर्षको शुरुमा कोषको सचालक सम्बन्धि वार्षिक कार्ययोजना बनाई शो अनुसार कार्यान्वयन गर्नेछ। यसरी कार्यायोजना बनाउँदा कर्मचारीहरु सेवा निवृत हुदाँ भुक्तानी गर्नुपर्ने नियमित दायित्व औषधी उपचारको रकम, सापटी तथा कर्जा प्रवाहको लागि छुट्याउने रकमाका अतिरिक्त कोषमा हुने श्रोतको विश्लेषण समेत गर्नुपर्नेछ ।

<u>४ आर्थिक सहयोग वा ऋण नपाउनेः</u>

देहायका कर्मचारीले आर्थिक सहयोग वा ऋण पाउने छैनन् ।

- कर्मचारी कल्याण कोषमा योगदान नगर्ने वा योगदान नभएका कर्मचारी ।
- ज्यालादारी वा अतिरिक्त समय कार्म गर्ने कर्मचारी ।
- करारमा नियुक्त कर्मचारी,
- यो विनियमवली प्रारम्ध भएका बखत सेवाबाट अवकाश पाइसकेका कर्माचारी।
- गाउँपालिकाको सम्पत्ति हानिमिना गरेको वा भष्टाचार गरेको अभियोगमा कारवाअ चलिरहेको कर्मचारी ।

<u>५ कबुलियतनामा गर्नुपर्नेः</u>

यो विनियमाविलि बमोजिम ऋण प्राप्त गर्न कर्मचारीले त्यस्तो ऋण प्राप्त गर्न अघि अनुसुचि—१ मा तोकिए बमोजिमको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ ।

**६ समितिका पदाधिकारीहरुको काम, कर्तव्य, र अधिकारः**

- ❖ अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
  - कोषको बैठकको अध्यक्षता गर्ने ।
  - कोषको सम्पूण गतिविधिको नेतृत्व गर्ने ।
  - कोषको हरेक क्रियाकलापको जवाफदेहिता बहन गर्ने।
  - बैठकमा मत बरावर भएमा निर्णायक मत दिने ।
  - बैठकको निर्णय कार्यान्वयन गराउने ।
- ❖ सदस्य—सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
  - कोषको कार्यालय सचालन गर्ने।
  - कोषकव बैठकमा पेश गर्ने छलफलमा विषयहरु अध्यक्षसँग परामर्श गरि तयार गर्ने ।
  - बैठकको निर्णय अभिलेख गरि राख्ने ।
  - बैठकको निर्णय कार्यान्वयन गर्ने ।
  - अध्यक्षको निर्देशन अनुसार कार्य सचालन गर्ने ।
  - कोषको चल अचल सम्पत्तिको जिम्मा लिने।
- ❖ सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
  - समितिको बैठकमा नियमित रुपमा भाग लिने।
  - समितिको बैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने ।
  - समितिले दिएको जिम्मेवारीको बहन गर्ने ।

**७ समितिको काम, कर्तव्य र अधिकारः**

- कोष सचालनक समितिको काम, कर्तव्य र अधिकार देहायकमोजिम हुनेछः
- बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने ।
- गाउँपालिकाको कार्यपालिका,सभागँग सुसम्बन्ध कायम राखी गाउँपालिकाबाट कोषको लागि आर्थिक स्रोत जुटाउने प्रयास गर्ने।
- कोषका सदस्यहरुलाई समानताको आभारमा सुविधाहरु उपलब्ध गराउने ।
- कर्मचारीको कल्याणमा योगदान पुऱ्याउने कार्यहरु गर्ने ।
- कोषको सचित पुँजिलाई पुँजीलाई उपर्जनिय कार्यमा उपयुक्त तरिकाले परिचालन गर्ने ।
- गत आर्थीक वर्षको हर हिसावको लेखापरिक्षण गारउने व्यवस्था मिलाउने ।
- कोषका प्रत्येक सहस्यप्रति उत्तरदायी हुने ।

**८ समितिका सदस्य तथा कर्मचारी उत्तरखायित्वः**

- समितिले अन्यथा निर्णय गरेकोमा बाहेक कुनै पनि कर्मचारीले कोषबाट पाउने कुनै पनि सुविधालाई आफ्नो हकको रुपमा दावि गर्न पाउने छैन ।

- कोप सचालन समितिका सदस्य तथा कर्मचारी यस विनियमावलीको उद्धेश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन।
- उपविनियम (२) को प्रतिकुल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा सलग्न समितिका सदस्य वा कर्मचारले पाउने सुविधा रकम जफत गर्न सकिनेछ ।
- कुनै कर्मचारीको खराब आचारवा वा अन्य कुनै कारणले समितिले रोक्का गरि राखेको सुविधा वापतको रकम निजले आफ्नो आचारण सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाई पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाई एकमुष्ट रुपमा सुविधा रकम समितिले उपलब्ध गराउन सक्नेछ ।

**९ उपदान पाउनेः**

- यो विनियमावलि बमोजिम जम्मा भएको रकमबाट गाउँपालिका कार्यरत कर्मचारीले अवकाश प्राप्त गर्दा पाउने उपदान यसै कोषबाट प्रदान गरिने छ ।
- पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको आधा महिनाको तलव वरावरको रकम ।
- दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफ्नो काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको आधा महिनाको तलव बरावरको रकम ।
- पन्ध्र वर्षदेखि वीस वर्ष सम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको डेढ महिनाको तलव बराबरको रकम ।
- वीस बर्षदेखि पच्चिस वर्षसम्म सेवा गरेका निबृतभरण कोषमा योगदान नदिएका र निबृतभरण लिन नचाएका कर्माचारीले आफुले काम प्रत्येक वर्षको निमित्त खाइपाइ आएको दुई महिनाको तलव बरावरको रकम।
- पच्चिस बर्यभन्दा बढी सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको अढाइ महिनाको तलब बराबरको रकम ।

**१०. बिमा सम्बन्धि व्यवस्थाः**

- गाउँपालिकाले आफ्ना स्थायी कर्मचारीको लागि अवधिक बिमा सम्बन्धि व्यवस्था गर्न सक्नेछ ।
- उपविनियम (१) बमोजिम गरिएको विमा वापत लाग्ने प्रिमियम बापतको रकम हिसाब गरि प्रत्येक अर्थिक वर्ष गाउँपालिका कार्यपालिकाले यस कोषमा उपलब्ध गराउनुपर्नेएछ ।
- यो विनियम लागु हुनुभन्दा पहिले गरिसकेको विमा सम्बन्धि व्यवस्था यस विनियमावलि बमोजिम हस्तान्तरण नभएसम्म सोही बमोजिम संचालन गरिरहन सकिनेछ । तर यो विनियमावलि प्रारम्भ गरिने विमा सम्बन्धि व्यवस्था यसै विनियमावलि बमोजिम व्यवस्था गरिनेछ ।

**११. थप आर्थिक सहायता सम्बन्धि व्यवस्थाः**

नियमावलिको २६७ बमोजिम थप आर्थिक सहायता उपलब्ध गराउँदा देहायबमोजिम गर्नुपर्नेछः

- गाउँपालिकाको कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा ।
- नेपाल अधिराज्य भित्र उपचार हुन नसक्ने भनी मेडीकल बोर्ड बाट सिफारिस भइ कार्यपालिकाबाट सिफारिस भएको अवस्थामा ।
- गाउँपालिकाको कार्यपालिकाले थप अर्थिक सहायता दिन मनासिब ठहर्याएमा ।

**१२. उपचार खर्च सम्बन्धि व्यवस्थाः**

- नियमावलिको नियम २६६ बमोजिम उपचार खर्च बापत लाग्ने रकम गाउँपालिकाको प्रत्येक आर्थिक वर्षमा हिसाब गरी यस कोषमा जम्मा गरिदिनु पर्नेछ ।
- उपविवियम (१) बमोजिम रकम उपलब्ध गराउँदा यस कोषबाट रकम उपलब्ध गराउँनु पर्नेछ ।
- उपविनियम (१) बमोजिम उपलब्ध गराउने रकम कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा देहाय बमोजिम भएको खर्च यस कोषबाट उपलब्ध गराइनेछः
  - ➢ रोगको उपचार निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेसक्रिप्सन अनुसार अषधी किनेको खर्च ।
  - ➢ अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिम खर्च ।
  - ➢ अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाँउमा भएको उपचारको हकमा कार्यकारी अधिकृतले र कार्यकारी अधिकृतको हकमा कार्यपालिकाले सिफारिस गरेको खर्च ।

**स्पष्टिकरणः** स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्साकको रुपमा दर्ता भएका डाक्टर कविराज हेल्थ असिष्टेन्ट वा वैध समेतलाई जनाउनेछ ।

- ➢ प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार —सर्जीकल अपरेशन) गर्दा लागेको बिल बमोजिकको खर्च ।
- ➢ आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च वापत सम्बन्धित कर्मचारीले प्रचलित काजून बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

- यस विनिमय बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा सोको कारण मुनासिव देखिएमा यस विनियमको अधिरमा रही पछि हिसाब गर्दा उपचार वापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट

किस्ताबन्दीमा कट्टी गरिनेछ । त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै त्यस्तो कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा कट्टी गर्न काँकी रकम मिन्हा हुनेछ ।

- झुट्टा व्यहोरा पेश गरी यस विनियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक (कर्मचारी भएमा) उपचार विभागीय कारबाही हुन सक्नेछ ।
- कुनै अस्थायी कर्मचारी बिरामी भएमा औषधी उपचारको लागि निकासा दिँदा बिस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा बिरामी हुने अस्थायी कर्मचारीले गरेको सेवा अवधिले हिसाब गरी यस विनियम बमोजिम उपचार खर्च दिइनेछ ।तर अस्थायी कर्मचारी सेवाबाट अलग हुँदा भने यस विनियम बमोजिम उपचार खर्च पाउने छैन ।
- भविष्यमा गाउँपालिकाको सेवाको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट कुनै कर्मचारी सेवाबाट अलग हुदाँ यस विनियम बमोजिम सेवा अवधिभरमा पाउने रकम मानी दामासाहिले हुन अउने रकम मात्र दिइनेछ ।
- दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधी उपचारको लागि खर्च दिँदा यस विनियममा तोकिएको रकमलाई दश वर्ष सेवा गरेबापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।
- यस विनियम बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नुपर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।
- यस विनियम बमोजिम अस्पतालमा भर्ना भई वा विदेशलाई गई उपचार गराइएकोमा बाहेक कुनै कर्मचारीलाई उपनियम(१) को अधिनमा रही एक वर्षमा निजले खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकमसम्म उपचार खर्च दिन सकिनेछ ।
- यस नियम बमोजिम कुनै कर्मचारीलाई लागेको रोग स्थानिय अस्पतालबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा बोर्डको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको कुनै सुविधायुक्त अस्पतालबाट छिटो साधनद्धारा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

**१३. समितिको लेखा र लेखापरीक्षणः**

- समितिले कोषको लेखा प्रचलित लेखा प्रणाली स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावलि, २०६४ ले तोकेको प्रक्रिया तथा ढाँचामा राखेछ ।
- उपविनियम (१) बमोजिम राखिएको लेखा गाउँ सभाबाट नियुक्त भएको लेखापरीक्षकबाट परीक्षण गराउनु पर्नेछ ।

**१४. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्थाः**

देहायको अवस्थामा गाउँपालिकाका कर्मचारीलाई पुरै वा आंशिक रुपमा कर्मचारी कल्याण कोष अन्तर्गत कार्यक्रमबाट सुविधाबाट बञ्चित गर्न सकिनेछः

- गाउँपालिकालाई आँच पुर्याउने कार्य गरेको प्रमाणित भएमा ।
- प्रचलित कानून विपरित काम गरेको प्रमाणित भएमा ।
- यस विनियमवाली बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा ।
- नैतिक पतन दुखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

**१५. लगानी गर्न सक्ने**

कोषमा जम्मा रहेको रकम गाउँपालिकाको स्वीकृति लिई समितिले नेपाल सरकार वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र, जमानतपत्रवा बचतपत्रमा लगानी गर्न सक्नेछ ।

**१६. कोषको रकम सापटी दिन सकिनेः**

- पाँच वर्ष स्थायी सेवा अवधि पुगेका गाउँपालिकाका कर्मचारीलाई निजको कल्याण कोषमा जम्मा भएको रकमको नब्बे प्रतिशत रकम बराबर मात्र सापटी प्रदान गर्न सकिनेछ ।
- समितिले यस विनियमावली अनुसार प्रदान गरेको सापटी रकमलाई दुई/दुई वर्षमा नविकरण गर्न सकिनेछ ।
- समितिले सापटी प्रदान गर्दा कर्मचारीले एक पटक लिएको रकम भुक्तानी नगरेसम्म पुनःसापटी दिइने छेन ।

**१७. सापटी सुरक्षाः**

गाउँपालिकामा कार्यरत कर्मचारीहरुले कर्मचारी कल्याण कोषमा जम्मा रहेके सञ्चित रकम मध्येबाट लिएको सापटी रकम फिर्ता नगरेसम्म कोषमा बाँकी रहेको रकमलाई सुरक्षणको रुपमा रोक्का राखिनेछ ।

**१८. लगानी क्षेत्र र व्याजदरः**

- कर्मचारी कल्याण कोषबाट यस विनियमावली बमोजिम सापटी तथा कर्जा प्रदान गर्दा आवास निर्माण तथा मर्मत सम्भार, घरजग्गा खरिद, सवारी खरिद, सदस्यका छोराछोरीको उच्च शिक्षा, परिवारको स्वास्थ्य उपचार आदि क्षेत्रमा प्रदान गर्न सकिनेछ ।
- उपविनियम (१) बमोजिम सापटी तथा कर्जा प्रवाह गर्दा आवास निर्माण तथा मर्मत सम्भार, घरजग्गा खरिद, सवारी साधन खरिद जस्ता लगानीका क्षेत्रमा दिइएको रकमा सात प्रतिशत व्याज लाग्नेछ ।
- यस कोषमा जम्मा भएको कर्मचारीहरुको सेवा निवृत दायित्व, सापटी तथा कर्जा प्रवाह तोकिएको समयमा नियमित भूक्तानी र समितिबाट निर्णय भए अनुसारका कर्मचारी कल्याण सम्बन्धी कार्य अन्य प्रयोजनका निम्ति कोषबाट रकम झिक्न सकिनेछैन ।
- यस विनियमावलि व्यवस्थाको नहुनेगरी सापटी तथा कर्जा प्रवाह अन्य व्यवस्था समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१९. सापटी तथा कर्जा अवधि र फिर्ता भुक्तानीः**

- यस विनियमावलि बमोजिम कर्मचारीले लिएको सापटी तथा कर्जा रकमको भुक्तानी अवधि लिएको मितिबाट बढीमा दुई वर्षको हुनेछ । सेवा अवधि दुई वर्ष भन्दा कम बाँकी रहेका कर्मचारीको हकमा सापटीको चुक्ता अवधि बाँकी स्वा अवधि नै हुनेछ । चुक्ता अवधि बाँकी छदै एकमुष्ट वा किस्ताबन्दी रकम चुक्ता गर्न चाहेमा चुक्ता गर्न सकिनेछ ।
- सापटी तथा कर्जा लिएका गाउँपालिकाको कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत भए तापनि कोषले लिनुपर्ने सम्पूर्ण रकम असुल नभएसम्म कोषमा सञ्चित रहेके रकम फिर्ता भुक्तानी दिइने छैन ।

## परिच्छेद पाँच
## विविध

- निर्देशन दिन सक्नेः
  कोष सञ्चालन सम्बन्धी विषयमा गाउँ कार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।
- अनुगमन तथा रेखदेखः
  कोष सञ्चालन कार्यको अनुगमन तथा रेखदेख गाउँपालिकाको आर्थिक प्रशासन महालेखाले गर्नुपर्नेछ।
- अधिकार प्रत्यायोजनः
  यस नियमावली बमोजिम समितिलाई प्राप्त अधिकार कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति, कार्यदल वा व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ।
- दायित्व सर्नेः
  यो नियमावली प्रारम्भ हुनुभन्दा अघि सृजना भएका गाउँपालिकाको कर्मचारीको कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस विनियमावली बमोजिमको कोषमा सर्नेछन्।

अनुसूची १

कबुलियतनामा

रैनादेवी छहरा गाउँपालिकाको ............................................ तहको स्थायी कर्मचारी म ..................................................................... कामको लागि कर्मचारी कल्याण कोषबाट रकम सापटी लिनुपर्ने अवस्था भएकोले मैले मिति ................................ मा पेश गरेको निवेदनको आधारमा त्यस समितिबाट स्वीकृत भएको रु ............................. अक्षरुपी .............................................................................. आजका मितिमा बुझिलिँए। उक्त रकमको सयकडा ............................ प्रतिशत ब्याज र साँवा रकम ................................... भित्र चुक्ता गर्नेछु। यदि सो अवधि भित्र साँवा तथा ब्याज रकम चुक्ता गर्न नसकेमा मेरो नाममा कल्याण कोषमा जम्मा भएको रकम रोक्का गरी रकमले नखामे जति मेरो अन्य चल-अचल सम्पत्तिबाट असुल उपर गरी लिएमा मेरो मन्जुरी छ। पछि यस सम्बन्धमा हुने कुनै उजुरबाजुर गर्ने छैन भनी यो कबुलियतनामा गरिदिएको छु।

मितिः

ल्याप्चे

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखत

कबुलियतनामा गर्नेको दस्तखत

अनुसूची २

सापटीको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री अध्यक्षज्यू,
कर्मचारी कल्याण कोष सञ्चालन समिति,
रैनादेवी छहरा गाउँपालिका, पाल्पा।

उपर्युक्त विषयमा मलाई ........................................................................ कामको लागि त्यस कोषबाट रु ..................... अक्षरुपी ........................................ सापटी चाहिएको हुनाले यो निवेदन पेश गरेको छु। प्रचलित ऐन, नियम तथा विनियम बमोजिम पालना गर्नुपर्ने शर्त पालना गर्न मन्जुर छु भनी सापटी पाउन यो निवेदन पेश गरेको छु।

मितिः

निवेदक

.....................................

अनुसूची ३

पास बुकको नमुना

सदस्यता नं

रैनादेवी छहरा गाउँपालिका

कर्मचारी कल्याण कोष

स्थापित २०७८

छहरा, पाल्पा

कोष जम्मा किताब

कर्मचारीको नामः

पदः

ठेगानाः

नागरिकता नं / जारी मिति / जिल्लाः

मोबाइल नंः

कोष कट्टा सुरु मितिः

| महिना | विमा वापत | उपदान वापत | कट्टि रकम औषधि उपचार वापत | अन्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ४

सदस्यता दर्ता किताब

रैनादेवी छहरा गाउँपालिका

कर्मचारी कल्याण कोष

स्थापित २०७८

छहरा, पाल्पा

सदस्यता दर्ता किताब

| करकट्टीका शिर्षकहरू | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | कर्मचारीको नाम | दर्जा | बिमा | उपदान | औषधि उपचार | अन्य |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**<u>प्रमाणित गर्नेः</u>**

दस्तखतः

नामथरः

दर्जाः

मितिः

अनुसूची ५

सपथ ग्रहण फाराम

म रैनादेवी छहरा गाउँपालिकाको कर्मचारी कल्याण नियमावली, २०७८ प्रतिबद्ध रही सत्यतथ्य, निष्ठा र इमान्दारितापूर्वक यो सपथ लिन्छु की मैले कोषको सञ्चालक समितिको ................................................ पदको हैसियतले कोषको विनियमावली अनुसार गर्नुपर्ने र कोषद्वारा सञ्चालित कार्यक्रमलाई पुरा गर्न जस्तो सुकै परिस्थितिको पनि सामना गर्नेछु। द्धेष, कलह, व्यक्तिगत र अनियमितता देखि टाढा रहने प्रण गर्दछु।

दस्तखतः

नामथरः

दर्जाः